‘ऐतिहासिक, सांस्कृतिक नगरि - समृद्ध पर्यटकीय चन्द्रागिरि’

# चन्द्रागिरि नगरपालिकाको

# आर्थिक ऐन, २०७७

चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वलम्वु, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

# चन्द्रागिरि नगरपालिकाको
## आर्थिक ऐन, २०७७

**प्रस्तावना**

चन्द्रागिरि नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २३० बमोजिम चन्द्रागिरि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः**
(१) यस ऐनको नाम **"चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०७७"** रहेको छ ।
(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) **सम्पति करः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाई असुल उपर गरिनेछ।

३) **भूमिकरः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४) **घर जग्गा बहाल करः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइ असुल उपर गरिनेछ ।

५) **व्यवसाय करः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६) **जडीबुटी, कवाडी र जीबजन्तु करः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनपैदावार, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाई असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यवस्था लागू हुनेछैन ।

७) **विज्ञापन करः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र हुने सवै किसिमका विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

८) **बहाल बिटौरी शुल्कः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (७) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

९)	**सवारी साधन पार्किङ शुल्कः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम सवारी साधन पार्किङ शुल्क लगाई असुल उपर गरिनेछ । साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले चन्द्रागिरि नगरपालिकाबाट पूर्व अनुमती लिएको हुनुपर्नेछ ।

१०)	**सेवा शुल्क दस्तुरः** चन्द्रागिरि नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

११)	**जरिवानाः** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र नगरपालिकाले अनुमति प्रदान नगरेका स्थलमा व्यक्ति वा सवारी साधन प्रवेश गरेमा र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरितका कार्य गर्नेलाई अनुसूची (१०) बमोजिम जरिवाना गरिनेछ। साथै चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाले समय समयमा यस ब्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१२)	**कर छुटः** अपाङ्गता, एकल महिलाले संचालन गर्ने व्यवसाय र भूकम्प पिडित रातो कार्ड प्राप्त गरेका भूकम्प पिडितहरुको नक्सापास तथा कोभिड-१९ का कारण प्रभावितहरुको क्षतिलाई न्यूनीकरण गर्ने उद्धेश्यले विविध प्रकारका छुटहरु अनुसूची (११) वमोजिम हुनेछ ।

१३)	**मालपोत सम्बन्धी कर दस्तुर :** नगरपालिकाको कार्यालयको मालपोत सम्बन्धी रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुरहरु अनुसूची (१२) वमोजिम हुनेछ ।

१४)	**नापी सम्बन्धी कर दस्तुर :** नगरपालिकाको कार्यालयको कित्तानापी शुल्क, भूसूचना तथा अभिलेख बमोजिम शुल्कहरु अनुसूची (१३) वमोजिम हुनेछ ।

१५)	**मालपोत सम्बन्धी कर दस्तुर :** नगरपालिकाको कार्यालयले नगरपालिका क्षेत्रभर फोहरमैला संकलन तथा व्यवस्थापन सेवाशुलक दररेट अनुसूची (१४) वमोजिम हुनेछ ।

१६)	**कर तथा शुल्क संकलन कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाँझिने गरी चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१७)	**सिफारिशः** नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुले सिफारिस गर्दा स्वास्थ्य उपचार सम्वन्धी सिफारिस, छात्रवृत्ति सम्वन्धी सिफारिस र आकस्मिक विपद् सम्वन्धी सिफारिस बाहेक अन्य सिफारिस गर्दा कर चुक्ताको प्रमाण पत्र पेश भए पछि मात्र सिफारिस दिईनेछ ।

१८)	**यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुन अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९)	**कार्यविधि बनाउन सक्नेः** चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधिहरु बनाउन सक्नेछ।

२०)	**साबिक बमोजिम हुनेः** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२१)	**खारेजीः** साविकमा चन्द्रागिरि नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

**अनुसूची १**

**(दफा २ सँग सम्वन्धित)**

**घरजग्गा कर (सम्पत्ति कर)**

| **क्र.स.** | **विवरण** | **दर रु.** |
|---|---|---|
| २.१ | **घरजग्गा करको दर** | |
| | १) पहिलो ३० लाख सम्मको मूल्याङ्कनमा | **रु.३००।- (एकमुष्ट)** |
| | २) त्यस पछिको थप ७० लाख सम्ममा | **रु. ०.०५ प्रतिशत** |
| | ३) त्यस पछिका थप १ करोड सम्ममा | **रु. ०.१ प्रतिशत** |
| | ४) त्यस पछिको जतिसुकै रुपैया थप भए पनि | **रु. ०.२ प्रतिशत** |
| | **घरजग्गाको करको दर गणना गर्दा करयोग्य जग्गाको मूल्यांकन तपशिल वमोजिम हुने**<br>करयोग्य जग्गा = $\frac{\text{जम्मा घर तलाको क्षेत्रफल}}{५९८.९३}$ = A आना<br>• आवासीय प्रयोजनका लागि बनेका घरहरुको हकमा A आना अनुसार जग्गाको मूल्याङ्कन गर्ने ।<br>• संस्थागत औद्योगिक र व्यवसायिक प्रयोजनका लागि बनेका घरहरुको हकमा<br>जम्मा जग्गाको क्षेत्रफलको ४०(चालीस) प्रतिशत = B आना हुन आउने क्षेत्रफलमा A र B आना मध्ये जुन वढी हुन्छ सोहि अनुसारको जग्गाको मुल्यांकन गर्ने । | |
| २.२ | **घर जग्गा मूल्याङ्न गर्ने तरिका** | |
| **घरजग्गामा कर लाग्ने क्षेत्रहरुको घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय वमोजिम हुनेछ ।** | | |
| **क)** | **घरको वनोटको वर्गीकरण** | |
| १) | भित्र काँचो बाहिर पाको इट्टामा माटोका जोडाई भएको वा काठैकाठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेसटसको छाना भएको घर । | |
| २) | भित्र बाहिर पाकोइट्टा वा ढुंगामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लासटर गरी छाना ढलान (आर.सी.सी. वा आर.वि.सी.) गरिएका वा जस्ता, टायल, झिंगटी, एसवेसटसको छाना भएको घर । | |
| ३) | भित्र वाहिर पाको इट्टामा वाल ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सी.सी. वा आर.वि.सी.) गरिएको घर | |
| ४) | आर.सी.सी. फ्रेम स्ट्रक्चरमा भएको घर | |
| ५) | स्टिल फ्रेम स्ट्रक्चर, फ्रविक्चर, फाइवर वा यस्तै संरचना | |

| ख) | घरको मूल्याङ्कन | | | |
|---|---|---|---|---|
| घरको वनोट | | औसत लागत दर प्रति वर्ग फुट | प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा बर्ष |
| १) | प्रकरण २.२ (क) (१) बमोजिमको घर | १,०००।- | ३.०० | २५ |
| २) | प्रकरण २.२ (क) (२) बमोजिमको घर | १,२००।- | २.०० | ३० |
| ३) | प्रकरण २.२ (क) (३) बमोजिमको घर | १,३५०।- | १.०० | ७० |
| ४) | प्रकरण २.२ (क) (४) बमोजिमको घर | १,८००।- | ०.७५ | १०० |
| ५) | प्रकरण २.२. (क) (५) बमोजिमको घर | १,५७५।- | ०.७५ | १०० |

**द्रष्टव्यः- टुटफुट कट्टीको हिसाव गर्दा घट्दो मूल्यको अधारमा गरिनेछ ।**

ग) काँचो इट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भई फुस, छवाली, खर, पराल र जस्ता वा टिनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन ।

घ) घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेसन प्रयोजनका लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम मूल्याङ्कन गरिनेछ ।

ङ) ह्रास कट्टीको समय समाप्त भई सकेपछिको घरजग्गाको सम्पत्ति कर अन्तिम मूल्याङ्कन रकममा तोके बमोजिम कर लाग्नेछ ।

च) सम्पत्ति कर लगाएका घरजग्गामा भूमिकर नलाग्ने ।

**अनुसूची २**
**(दफा ३ संग सम्बन्धित)**
**भूमि कर (मालपोत)**

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ३.१. | **मालपोत तथा भूमिकर** | |
| | न्यूनतम | ७५।- |
| | प्रति रोपनी | १७५।- |

**अनुसूची ३**
**(दफा ४ संग सम्वन्धित)**
**घर जग्गा वहाल कर**

| क्र.स. | विवरण | | दर रु. |
|---|---|---|---|
| ४.१ | **बहाल कर** | वर्गिकरण | |
| | नगर क्षेत्र भित्रका घर,पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि । | क) संघ, संस्था, कार्यालय, उद्योग, व्यापार, व्यवसाय प्रयोजनको लागि | १० प्रतिशत |
| | | ख) आवासीय प्रयोजनको लागि | ३ प्रतिशत |
| | | ग) कृषि प्रयोजनको लागि | १ प्रतिशत |

अनुसूची ४

(दफा ५ संग सम्वन्धित)

व्यवसाय कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ५.१ | व्यवसाय कर | |
| १) सूर्ति तथा मदिराजन्य पदार्थको थोक विक्री ( न्यूनतम पूँजी १० लाख कायम गरिएको ) | | |
| | (क) श्रेणी ( २० लाख १ देखि माथि) | १५,०००।- |
| | (ख) श्रेणी (१० लाख १ देखि २० लाखसम्म) | १०,०००।- |
| | (ग) श्रेणी (१० लाखसम्म) | ५,०००।- |
| २) | खुद्रा व्यवसाय (सूर्ति तथा मदिराजन्य व्यवसाय) | |
| | (क) श्रेणी | २,०००।- |
| | (ख) श्रेणी | १,२००।- |
| | (ग) श्रेणी | ८००।- |
| | (घ) श्रेणी | ३००।- |
| ३) | सुन चाँदी तथा गहना पसल (ज्वेलरी) (न्यूनतम पूँजी २० लाख कायम गरिएको) | |
| | (क) श्रेणी (३० लाख १ दखि माथि ) | १०,०००।- |
| | (ख) श्रेणी (२० लाख १ देखि ३० लाखसम्म) | ७,०००।- |
| | (ग) श्रेणी (२० लाखसम्म) | ५,०००।- |
| ४) | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | १,५००।- |
| | (घ) श्रेणी | १,०००।- |
| | (ङ) श्रेणी | ५००।- |
| ५) | रड र सिमेन्ट समेतको निर्माण सामाग्री (हार्डवेयर) पसल (न्यूनतम पूँजी २५ लाख कायम गरिएको) | |
| | (क) श्रेणी (५० लाख १ देखि माथि) | १५,०००।- |
| | (ख) श्रेणी (३५ लाख १ देखि ५० लाखसम्म) | १०,०००।- |
| | (ग) श्रेणी (२५ लाख १ देखि ३५ लाखसम्म) | ७,०००।- |
| | (घ) श्रेणी ( २५ लाखसम्म) | ५,०००।- |
| ६) | कम्प्यूटर विद्युत सामान क्यामेरा टेलिभिजन रेडियो विक्रि | |
| | (क) श्रेणी | १०,०००।- |
| | (ख) श्रेणी | ८,०००।- |
| | (ग) श्रेणी | ५,०००।- |
| | (घ) श्रेणी | २,५००।- |
| | (ङ) श्रेणी | १,०००।- |
| ७) | कार्पेट तथा फर्निसिङ पसल (न्यूनतम पूँजी १० लाख कायम गरिएको) | |
| | (क) श्रेणी (२० लाख १ देखि माथि ) | १०,०००।- |
| | (ख) श्रेणी (१५ लाख १ देखि २० लाखसम्म) | ७,०००।- |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| | (ग) श्रेणी (१० लाख १ देखि १५ लाखसम्म) | ५०००।- |
| | (घ) श्रेणी (१० लाखसम्म) | ३,०००।- |
| ८) | **पेट्रोलियम पदार्थ थोक/खुद्रा विक्री गर्ने आयल स्टोर वा डिपो** | |
| | (क) श्रेणी (पेट्रोल, डिजेल दुवै) | ३०,०००।- |
| | (ख) श्रेणी (पेट्रोल मात्र) | २०,०००।- |
| | (ग) श्रेणी (डिजेल मात्र) | १५,०००।- |
| | (घ) श्रेणी (मट्टितेल तथा अन्य सामान बेच्ने पसल) | २,०००।- |
| | (ङ) श्रेणी (मट्टितेल मात्र विक्री गर्ने) | १,०००।- |
| ९) | **दैनिक उपभोग्य खाद्यान्न** | |
| | (क) श्रेणी | २,०००।- |
| | (ख) श्रेणी | १,२००।- |
| | (ग) श्रेणी | ८००।- |
| | (घ) श्रेणी | ५००।- |
| १०) | **सवारी साधन विक्रेता** | |
| | (क) श्रेणी (हेभी ट्रक/टिप्पर गाडी समेत भएको) | ५,००,०००।- |
| | (ख) श्रेणी माइक्रो/मिनिवस भएको) | ३,५०,०००।- |
| | (ग) श्रेणी (हलुका सवारी) | २,००,०००।- |
| | (घ) श्रेणी (दुई पाँग्रे सवारी) | ७५,०००।- |
| | (ङ) श्रेणी (डिलर भए) | २५,०००।- |
| ११) | **विविध यातायत सम्बन्धी व्यवसाय** | |
| | (क) श्रेणी | १०,०००।- |
| | (ख) श्रेणी | ८,०००।- |
| | (ग) श्रेणी | ५,०००।- |
| | (घ) श्रेणी | ३,०००।- |
| ५.२ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| १) | **चिकित्सक सेवा** | |
| | (क) श्रेणी | १,५००।- |
| | (ख) श्रेणी | १,०००।- |
| २) | **कविराज** | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ३) | **कानून व्यवसायी** | |
| | (क) श्रेणी | ७००।- |
| | (ख) श्रेणी | ५००।- |
| ४) | **इन्जिनियर सेवा तथा कन्सल्टयान्ट** | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ५) | लेखा परिक्षक | |
| | (क) सी.ए. लाई मात्र | २,०००।- |
| | (ख) अन्यको लागि | ५००।- |
| ६) | दन्त परिक्षक | १,०००।- |
| ७) | अनुसन्धानकर्ता तथा परामर्शदाता | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ८) | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ९) | विमा अभिकर्ता | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।- |
| १०) | सर्भेयर | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।- |
| ११) | अनुवादक | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।- |
| १२) | पशु चिकित्सक | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| १३) | शेयर दलाल | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।- |
| १४) | सामान ढुवानी कम्पनी | |
| | (क) श्रेणी | १,५००।- |
| | (ख) श्रेणी | १,०००।- |
| १५) | संस्थागत पेन्टर | |
| | (क) श्रेणी | २,०००।- |
| | (ख) श्रेणी | १,५००।- |
| | (ग) श्रेणी | १,०००।- |
| | (घ) श्रेणी | ५००।- |
| १६) | सामान्य पेन्टर/फ्लेक्सवोर्ड मात्र गर्ने | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।– |

| | | |
|---|---|---|
| ५.३ | निर्माण व्यसायी: न.पा. मा प्रधान कार्यालय भएको निर्माण व्यवसायीमा | |
| १) | निर्माण व्यबसायी: न.पा. मा प्रधान कार्यालय भएको निर्माण व्यवसायीमा | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ४,०००।- |
| | (ग) श्रेणी | ३,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| ५.४ | उत्पादनमूलक उद्योग | |
| १) | कोरा माल प्रशोधन गरि माल सामान उत्पादन गर्ने उद्योग | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| २) | घरेलु उद्योगमा | |
| | (क) ठुला घरेलु उद्योग | १,५००।- |
| | (ख) मझौला घरेलु उद्योग | १,०००।- |
| | (ग) साना घरेलु उद्योग | ५००।- |
| ३) | कपडा पेल्ने उद्योग | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| ४) | गार्मेन्ट उद्योग | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| ५) | कागजको प्लेट तथा कप बनाउने उद्योग | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| ६) | सिरक डसना बनाउने | |
| | (क) श्रेणी | ७,०००।- |
| | (ख) श्रेणी | ५,०००।- |
| | (ग) श्रेणी | ३,०००।- |
| | (घ) श्रेणी | १,०००।– |

| | | |
|---|---|---|
| ५.५ | उर्जामूलक उद्योग | |
| १) | सौर्य, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतबाट उर्जा पैदा गर्ने | |
| | (क) श्रेणी | ४,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| | (घ) श्रेणी | १,०००।- |
| ५.६ | कृषि तथा वन्य जन्य उद्योग | |
| १) | कृषि वा वन पैदावारमा आधारित | |
| | (क) श्रेणी | ४,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| | (घ) श्रेणी | १,०००।- |
| २) | गाई/भैंसी/बाखा/च्याङ्ग्रा तथा अन्य चौपाय फार्म | ५००।- |
| ५.७ | खनिज उद्योग | |
| १) | खनिज उत्खनन तथा प्रशोधन गर्ने | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |
| | (घ) श्रेणी | २,०००।- |
| २) | खानी उद्योग | |
| | (क) खानी दर्ता | २,००,०००।- |
| | (ख) खानी नवीकरण | ५०,०००।- |
| ३) | ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर | |
| | (क) गाडी ट्रायल सेन्टर र ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर | ५०,०००।- |
| | (ख) हेभि गाडी ट्रेनिङ्ग सेन्टर | ३०,०००।- |
| | (ग) लाइट गाडी ट्रेनिङ्ग सेन्टर | १५,०००।- |
| | (घ) मोटर साइकल ट्रेनिङ्ग सेन्टर | ५,०००।- |
| ५.८ | पर्यटन उद्योग | |
| १) | पर्यटन आवास मोटेल, होटल, रेष्टुरेन्ट रिसोर्ट, ट्राभल एजेन्सी, राफ्टिङ्ग | |
| | (क) श्रेणी (५ तारे होटल) | १,५०,०००।- |
| | (ख) श्रेणी (४ तारे होटल) | १,००,०००।- |
| | (ग) श्रेणी (३ तारे होटल) | ५०,०००।- |
| | (घ) श्रेणी (मोटेल/होटल) | २०,०००।- |
| | (ङ) श्रेणी (रिसोर्ट) | १०,०००।- |
| २) | साधारण रेष्टुरेन्ट | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ६,०००।- |
| | (ग) श्रेणी | ४,०००।- |

| | | |
|---|---|---|
| ३) | साधारण जलपान पसल | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ८००।- |
| | (ग) श्रेणी | ५००।- |
| ५.९ | सेवा उद्योग | |
| १) | छापाखाना परामर्श सेवा निनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक पारवहन | |
| | (क) श्रेणी | १०,०००।- |
| | (ख) श्रेणी | ८,०००।- |
| | (ग) श्रेणी | ५,०००।- |
| | (घ) श्रेणी | ३,०००।- |
| ५.१० | निर्माण उद्योग | |
| १) | सडक, पुल, एवं आवास, कम्प्लेक्स आदी निर्माण गरि संचालन गर्ने | |
| | (क) श्रेणी | १०,०००।- |
| | (ख) श्रेणी | ८,०००।- |
| | (ग) श्रेणी | ५,०००।- |
| | (घ) श्रेणी | ३,०००।- |
| ५.११ | संचार सेवा | |
| १) | निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, पि.सी.ओ. | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ६००।- |
| | (ग) श्रेणी | ३००।- |
| २) | निजी क्षेत्रका हुलाक सेवा | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ६००।- |
| | (ग) श्रेणी | ३००।- |
| ३) | कुरियर सेवा | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ६००।- |
| | (ग) श्रेणी | ३००।– |
| ४) | छपाई तथा प्रकाशन | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| ५.१२ | वित्तिय सेवा | |
| १) | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने "क" वर्गका वैंक/वित्तीय संस्था | |
| | (क) मुख्य कार्यालय | ५०,०००।- |
| | (ख) शाखा कार्यालय | २५,०००।- |

| | | |
|---|---|---|
| २) | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने "ख" वर्गका वैंक/वित्तीय संस्था | |
| | (क) मुख्य कार्यालय | ३०,०००।- |
| | (ख) शाखा कार्यालय | १५,०००।- |
| ३) | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने "ग" वर्गका फाईनान्स कम्पनी/वित्तिय संस्था | |
| | (क) मुख्य कार्यालय | २०,०००।- |
| | (ख) शाखा कार्यालय | १०,०००।- |
| ४) | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने "घ" वर्गका लघुवित्त/ वित्तिय संस्था | |
| | (क) मुख्य कार्यालय | १०,०००।- |
| | (ख) शाखा कार्यालय | ५,०००।- |
| ५) | विमा कम्पनी | |
| | (क) मुख्य कार्यालय | २५,०००।- |
| | (ख) शाखा कार्यालय | १०,०००।- |
| ६) | विदेशी मुद्रा सटही काउण्टर | |
| | (क) मुख्य कार्यालय | १०,०००।- |
| | (ख) शाखा कार्यालय | ५,०००।- |
| ७) | धितोपत्र कारोवार | |
| | (क) मुख्य कार्यालय | १०,०००।- |
| | (ख) शाखा कार्यालय | ५,०००।- |
| ८) | सहकारी संस्था | |
| | (क) पूँजी ५० लाख सम्म | १,०००।- |
| | (ख) पूँजी १ करोडसम्म | २,०००।- |
| | (ग) पूँजी ५ करोडसम्म | ५,०००।- |
| | (घ) पूँजी ५ देखि माथि | १०,०००।- |
| ९) | सहकारी बैंक | |
| | (क) मुख्य कार्यालय | १०,०००।- |
| | (ख) शाखा कार्यालय | ५,०००।– |
| ५.१३ | अस्पताल | |
| १) | निजी अस्पताल | |
| | (क) श्रेणी (५१ बेड देखि माथि) | ५०,०००।- |
| | (ख) श्रेणी (२१ बेड देखि ५० बेडसम्म) | २०,०००।- |
| | (ग) श्रेणी (१६ बेड देखि २० बेडसम्म) | १५,०००।- |
| | (घ) श्रेणी (१५ बेडसम्म) | १०,०००।- |
| २) | नर्सिङ्ग होम | |
| | (क) श्रेणी | २०,०००।- |
| | (ख) श्रेणी | १५,०००।– |

| | |
|---|---|
| **३) क्लिनिक** | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | २,०००।- |
| (ग) श्रेणी | १,०००।- |
| ४) ल्याव | १,०००।- |
| ५) साउना वाथ, फिजियोथेरापी आदि | १,५००।- |
| ६) योग तथा आयुर्बेद केन्द्र/प्राकृतिक चिकित्सा | १,५००।- |
| **५.१४ शिक्षा सेवा (सरकारको पूर्ण स्वामित्वमा रहेका तथा सामुदायिक वाहेक)** | |
| **१) शिक्षा** | |
| I) विश्वविद्याल | ४०,०००।- |
| II) क्याम्पस/कलेज | ३०,०००।- |
| **III) उ.मा.वि. (कक्षा १ देखि १२ सम्म)** | |
| (क) **क** श्रेणी | १५,०००।- |
| (ख) **ख** श्रेणी | १२,०००।- |
| (ग) **ग** श्रेणी | ८,०००।- |
| (घ) **घ** श्रेणी | ५,०००।- |
| (ङ) मन्टेश्वरी | ५,०००।- |
| IV) मा.वि. (कक्षा १ देखि १० सम्म) | १०,०००।- |
| **V) नि.मा.वि.(कक्षा १ देखि ८ सम्म)** | |
| (क) क श्रेणी | १२,०००।- |
| (ख) ख श्रेणी | ९,०००।- |
| (ग) ग श्रेणी | ६,०००।- |
| (घ) घ श्रेणी | ५,०००।- |
| **VI) प्रा.वि.** | |
| (क) **क** श्रेणी | १५,०००।- |
| (ख) **ख** श्रेणी | १२,०००।- |
| (ग) **ग** श्रेणी | ८,०००।- |
| (घ) **घ** श्रेणी | ५,०००।- |
| (ङ) मन्टेश्वरी | ५,०००।- |
| **VII) शिशु स्याहार केन्द्र (१ कक्षादेखि ३ कक्षा सम्म)** | |
| (क) **क** श्रेणी | ६,०००।- |
| (ख) **ख** श्रेणी | ५,०००।- |
| (ग) **ग** श्रेणी | ४,०००।- |
| (घ) **घ** श्रेणी | ३,०००।- |
| VIII) मेडिकल कलेज | २,००,०००।- |
| IX) नर्सिङ्ग, एच.ए. | १,००,०००।- |
| X) होष्टल | २,५००।– |

| | | |
|---|---|---|
| २) | तालिम तथा अनुसन्धान केन्द्र | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| ३) | टाईपिङ्ग, कम्प्युटर, भाषा प्रशिक्षण संस्था | |
| | (क) श्रेणी | २,०००।- |
| | (ख) श्रेणी | १,०००।- |
| | (ग) श्रेणी | ५००।- |
| ४) | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| ५.१५ | मर्मत सम्भार | |
| १) | हेभी ईक्विप्मेन्ट बस, ट्रक, कार, मोटर साइकल मर्मत कारखाना तथा सर्भिसिङ्ग | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,५००।- |
| | (घ) श्रेणी | ५००।- |
| २) | रेडियो/टि.भि./घडी/टेलिफोन तथा विद्युत सामाग्री मर्मत केन्द्र | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,५००।- |
| | (घ) श्रेणी | ५००।- |
| ३) | कम्प्युटर मर्मत केन्द्र | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ४) | पानी तान्ने पम्प मर्मत | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ५.१६ | अन्य सेवा | |
| १) | विज्ञापन सेवा (विज्ञापन एजेन्सी) | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,५००।- |
| २) | वैदेशिक रोजगार व्यवसाय | |
| | (क) श्रेणी | २०,०००।- |
| | (ख) श्रेणी | १५,०००।- |
| | (ग) श्रेणी | १०,०००।- |
| ३) | स्वदेशी रोजगार व्यवसाय | |
| | (क) श्रेणी | ५,०००।- |

| | |
|---|---|
| (ख) श्रेणी | ३,०००।- |
| ४) सेक्रेटियल सेवा | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| ५) हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद विक्री | |
| (क) श्रेणी | ३०,०००।- |
| (ख) श्रेणी | २०,०००।- |
| (ग) श्रेणी | १०,०००।- |
| ६) व्यूटी पार्लर केश श्रंगार ड्राइ क्लिनर्स फोटा स्टुडियो सिलाई आदि | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| ७) कलर ल्याव | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| ८) साइबोर्ड वनाउने, पेन्टिङ्ग वा स्क्रिन प्रिन्ट | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| (ग) श्रेणी | ३००।- |
| ९) ड्राइ क्लिनर्स | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| १०) पशु वधशाला/पशु वधस्थल | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| ११) मासु विक्रेता | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | २,०००।- |
| (ग) श्रेणी | १,०००।- |
| १२) फूल विरुवा विक्रेता | |
| (क) श्रेणी | १,५००।- |
| (ख) श्रेणी | १,०००।- |
| (ग) श्रेणी | ५००।- |
| १३) पुल हाउस | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |

| | | |
|---|---|---|
| १४) | फुटसल | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| १५) | सिसा तथा प्लाईउड पसल | |
| | (क) श्रेणी | ६,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| | (घ) श्रेणी | १,०००।- |
| १६) | स्टिल वा काठको फर्निचर शोरुम / पसल | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,०००।- |
| १७) | खेलौना तथा उपहार विक्रेता | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| १८) | केवल नेटवर्क ग्राहक संख्याको आधारमा | |
| | (क) श्रेणी (२००० भन्दा वढी) | २०,०००।- |
| | (ख) श्रेणी (१००१-२०००) | १५,०००।- |
| | (ग) श्रेणी (५०१-१०००) | १०,०००।- |
| | (घ) श्रेणी (५०० सम्म) | ५,०००।- |
| १९) | मार्वल पसल | |
| | (क) श्रेणी | ८,०००।- |
| | (ख) श्रेणी | ५,०००।- |
| | (ग) श्रेणी | ३,०००।- |
| २०) | छाप्ने ढुङ्गा पसल | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| ५.१७ | अन्य व्यवसाय | |
| १) | पार्क पिकनिक स्पट | |
| | (क) श्रेणी प्रति टिकट | २।- |
| | (ख) श्रेणी प्रति टिकट | १।- |
| २) | टुर अपरेटर | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| ३) | मसाज पार्लर | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |

| | | |
|---|---|---|
| | (ग) श्रेणी | १,०००।- |
| ५.१८ | अस्थायी हाट वजार तथा घुम्ती पसल व्यवसायमा पटके | |
| १) | पटके कर | |
| | (क) घुम्ती पसल खुद्रा समेतमा प्रतिगोटा | १०।- |
| | (ख) रांगा भैंसी प्रति गोटा | २०।- |
| | (ग) खसी, वोका, वाख्रा | १०।- |
| | (घ) हांस कुखुरा प्रति गोटा | १।- |
| ५.१९ | माथिको वर्गिकरणमा समावेश नभएका सेवा व्यवसाय | |
| १) | मिठाई पसल | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,०००।- |
| २) | खानेकुरा पसल वा भोजनालय | |
| | (क) श्रेणी | २,०००।- |
| | (ख) श्रेणी | १,०००।- |
| ३) | दुधदही पसल | |
| | (क) श्रेणी | १,०००।- |
| | (ख) श्रेणी | ५००।- |
| ४) | फलफूल तरकारी पसल | |
| | (क) श्रेणी | ५००।- |
| | (ख) श्रेणी | ३००।- |
| ५) | औषधि पसल | |
| | (क) श्रेणी | १,५००।- |
| | (ख) श्रेणी | १०००।- |
| ६) | ग्रिल कारखाना (न्यूनतम पूँजी ५ लाख कायम गरिएको) | |
| | (क) श्रेणी (२० लाख १देखि माथि) | ५,०००।- |
| | (ख) श्रेणी (१० लाख १ देखि २० लाखसम्म) | ४,०००।- |
| | (ग) श्रेणी (५ लाख १ देखि १० लाखसम्म) | ३,०००।- |
| | (घ) श्रेणी (५ लाखसम्म) | २,०००।- |
| ७) | तामा पित्तल आदिको भाडाकुडा पसल | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,०००।- |
| ८) | टमोट ज्यासल | |
| | (क) श्रेणी | १,२००।- |
| | (ख) श्रेणी | ८,००।- |
| | (ग) श्रेणी | ५००।- |

| | |
|---|---|
| ९) जुत्ता/चप्पल पसल | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | २,०००।- |
| (ग) श्रेणी | १,०००।- |
| १०) कपडा पसल | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | २,०००।- |
| (ग) श्रेणी | १,०००।- |
| ११) दालमोठ बनाउने | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७००।- |
| (ग) श्रेणी | ५००।- |
| १२) बरफ/आइस्क्रिम/सोडा वनाउने | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७००।- |
| (ग) श्रेणी | ५००।- |
| १३) वेकरी उद्योग | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | २,५००।- |
| (ग) श्रेणी | १,०००।- |
| १४) विस्कुट/केक/पाउरोटी/सिन्के चाउचाउ उद्योग | |
| (क) श्रेणी | २,५००।- |
| (ख) श्रेणी | १,५००।- |
| (ग) श्रेणी | १,०००।- |
| १५) हल्का पेय पदार्थ (कोक, पेप्सी,फ्रुटी) विक्रि | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ८००।- |
| (ग) श्रेणी | ५००।- |
| १६) धान कुट्ने गहुं, मसला, चिउरा, तेलमिल | |
| (क) १५ हर्ष पावर भन्दा माथिको | १,५००।- |
| (ख) ११ देखि १५ हर्ष पावर सम्मको | १,०००।- |
| (ग) ६ देखि १० हर्ष पावर सम्मको | ७००।- |
| (घ) १ देखि ५ हर्ष पावर सम्मको | ५००।- |
| १७) तयारी पोशाक तथा फेन्सी समान पसल | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७००।- |
| (ग) श्रेणी | ५००।- |

| | |
|---|---|
| १८) श्रृंगार सामाग्री पसल | |
| (क) श्रेणी | ७००।- |
| (ख) श्रेणी | ५००।- |
| १९) हजाम पसल | |
| (क) श्रेणी (३ भन्दा बढी व्यक्तिले काम गरेको) | १,०००।- |
| (ख) श्रेणी (१ भन्दा बढी ३ व्यक्तिले काम गरेको) | ५००।- |
| २०) काठ चिरानी तथा काठ विक्रि गर्ने | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| (घ) श्रेणी (दाउरा पसल) | १,०००।- |
| २१) पान पसल | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| २२) किराना पसल खुद्रा | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७५०।- |
| (ग) श्रेणी | ५००।- |
| २३) माटोको भाडाकुडा बनाउने र विक्री वितरण गर्ने | |
| (क) श्रेणी | ५००।- |
| (ख) श्रेणी | ३००।- |
| २४) ग्यांस सिलिण्डर | |
| (क) श्रेणी (डिष्ट्रिव्यूटर) | ५,०००।- |
| (ख) श्रेणी (डिलर) | ३,०००।- |
| (ग) श्रेणी (खुद्रा पसल) | १,०००।- |
| २५) स्टेशनरी/पत्र पत्रिका पसल | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७५०।- |
| (ग) श्रेणी | ५००।- |
| २६) मोटरसाइकल पार्ट वा मेसिनको पार्ट विक्री | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ७५०।- |
| २७) प्रदर्शनी तथा विक्री कक्ष | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | १,०००।- |
| २८) ईट्टा/वालुवा/गिट्टी ढुंगा डिपो | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | ३,०००।- |

| | |
|---|---|
| २९) डिपार्टमेण्टल स्टोर | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ७,०००।- |
| (ग) श्रेणी | ४,०००।- |
| ३०) कुखुरा, टर्की, बट्टाई र कालिज पालन व्यवसाय | |
| (क) श्रेणी (२००० भन्दा वढी) | ३,०००।- |
| (ख) श्रेणी (१००१-२०००) | २,०००।- |
| (ग) श्रेणी (५०१-१०००) | १,०००।- |
| (घ) श्रेणी (५०० सम्म) | ५००।- |
| ३१) फलफूल/तरकारी/बिऊ विक्री | |
| (क) श्रेणी | १,५००।- |
| (ख) श्रेणी | १,०००।- |
| (ग) श्रेणी | ७,००।- |
| (घ) श्रेणी | ५००।- |
| ३२) होजियारी व्यवसाय | |
| (क) श्रेणी | ७,००।- |
| (ख) श्रेणी | ५००।- |
| ३३) पुनः प्रयोग तथा प्रसोधन योग्य समान | |
| (क) श्रेणी | १,५००।- |
| (ख) श्रेणी | १,०००।- |
| ३४) आल्मुनियम उद्योग | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | १,०००।- |
| ३५) डान्स, कल्चर, म्यूजिक | १,०००।- |
| ३६) रेन्टल सर्भिस | |
| (क) श्रेणी | १,५००।- |
| (ख) श्रेणी | १,०००।- |
| ३७) निजि खेलकुद व्यवसाय | १,५००।- |
| ३८) सेरामिक्स | |
| (क) श्रेणी | १,०००।- |
| (ख) श्रेणी | ५००।- |
| ३९) ह्यान्डीक्राफ्ट (पस्मिना, थान्का, गलैंचा, बुटीक) | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | ३,०००।- |
| (ग) श्रेणी | २,०००।- |
| ४०) पानी फिल्टर तथा सोलार बत्ति सम्वन्धी मेशीन औजार विक्री | |
| (क) श्रेणी | १,५००।- |

| | |
|---|---|
| (ख) श्रेणी | १,०००।- |
| (ग) श्रेणी | ५००।- |
| **४१) टेलिभिजन प्रशारण संस्था** | |
| (क) दर्ता शुल्क | २०,०००।- |
| (ख) नविकरण शुल्क (वार्षिक) | ७,०००।- |
| **४२) रेडियो/एफ.एम. प्रशारण संस्था** | |
| (क) दर्ता शुल्क | १०,०००।- |
| (ख) नविकरण शुल्क (वार्षिक) | ३,०००।- |
| **४३) सञ्चार टावर** | |
| (क) दर्ता शुल्क | २५,०००।- |
| (ख) नविकरण शुल्क (वार्षिक) | १०,०००।- |
| **४४) पार्टी प्यालेस** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| **४५) तितौरा अमिलो (उत्पादन)** | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | १,०००।- |
| (ग) श्रेणी (सानो पसल र घुम्ति पसल समेत) | ५००।- |
| **४६) किचन सामान** | |
| (क) श्रेणी (विद्युत समान भएको) | ५०,०००।- |
| (ख) श्रेणी (आधुनिक प्रविधि नभएको) | २५,०००।- |
| (ग) श्रेणी (साधारण सामान) | ५,०००।- |
| **४७) तरकारी तथा फलफुल सप्लार्यस** | |
| (क) श्रेणी (लगानी दुई लाख भन्दा माथि) | १,०००।- |
| (ख) श्रेणी (लगानी दुई लाखसम्म) | ५००।- |
| **४८) आयुर्वेदिक पसल** | |
| (क) श्रेणी (लगानी पांच लाख भन्दा माथि) | १,०००।- |
| (ख) श्रेणी (लगानी दुई लाख देखि पांच लाखसम्म) | ५००।- |
| (ग) श्रेणी (लगानी दुई लाखसम्म) | ३००।- |
| **४९) विविध वस्तुहरुको आयात निर्यात सप्लार्यस** | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| **५०) रंग र रंगसँग सम्वन्धित व्यवसाय** | |
| (क) श्रेणी | ३,०००।- |
| (ख) श्रेणी | २,५००।- |
| (ग) श्रेणी | १,०००।- |

| | | |
|---|---|---|
| ५१) | इन्जिनियरिङ्ग सेवा तथा कन्सल्टेन्सी संस्थागत | १,५००।- |
| ५२) | मेशिन औजार सामान (कम्प्रेसन पानी तान्ने पम्म जेनेरेटर र ड्रिल मेशिन | |
| | (क) श्रेणी (लगानी ५ लाख भन्दा माथि) | ३,०००।- |
| | (ख) श्रेणी (लगानी २ लाख भन्दा माथि ५ लाखसम्म) | १,५००।- |
| | (ग) श्रेणी (लगानी २ लाखसम्म) | १,०००।- |
| ५३) | नविकरण उर्जा व्यवसाय | |
| | (क) श्रेणी | ५,०००।- |
| | (ख) श्रेणी | ३,०००।- |
| | (ग) श्रेणी | २,०००।- |
| ५४) | मोवाइल मर्मत तथा विक्रि | |
| | (क) श्रेणी | १,५००।- |
| | (ख) श्रेणी | १,०००।- |
| | (ग) श्रेणी | ५००।- |
| ५५) | स्वीमिङ्ग पुल | २,५००।- |
| ५६) | दुरसञ्चार | |
| | (क) भूमिगत केवुल मेनहोल | ३,०००।- |
| | (ख) टेलिफोन क्याविनेट प्रति | १,०००।- |
| | (ग) केवुल तार तानेको प्रति साधारण खम्वा | ३००।- |
| | (घ) केवुल तारहरुको प्रति मिटर | १।- |
| ५७) | फोहरमैला संकलन व्यवसाय | |
| | (क) श्रेणी (लगानी ५ लाख भन्दा माथि) | १,५००।- |
| | (ख) श्रेणी (लगानी २ लाख भन्दा माथि ५ लाखसम्म) | १,०००।- |
| | (ग) श्रेणी (लगानी २ लाख सम्म) | ५००।- |
| ५८) | कुकुर पालन व्यवसाय | |
| | (क) श्रेणी (लगानी ५ लाख भन्दा माथि) | १,५००।- |
| | (ख) श्रेणी (लगानी २ लाख भन्दा माथि ५ लाखसम्म) | १,०००।- |
| | (ग) श्रेणी (लगानी २ लाखसम्म) | ५००।- |
| ५९) | तामा,पित्तल,स्टील उद्योग /व्यवसाय | |
| | (क) श्रेणी (लगानी ५० लाख १ भन्दा माथि) | ५०,०००।- |
| | (ख) श्रेणी (लगानी २५ लाख १ भन्दा माथि देखि ५० लाखसम्म) | ३०,०००।- |
| | (ग) श्रेणी (लगानी १० लाख १ भन्दा माथि देखि २५ लाखसम्म) | १०,०००।- |
| | (घ) श्रेणी (लगानी १० लाखसम्म) | ५,०००।- |
| ६०) | कपडा/रेडिमेड पसल | |
| | (क) श्रेणी | ३,०००।- |
| | (ख) श्रेणी | २,०००।- |
| | (ग) श्रेणी | १,०००।- |
| ६१) | बास डिपो | १,०००।- |
| ६२) | ईलेक्ट्रिक पसल | १,०००।- |

| | | |
|---|---|---|
| ६३) | मेसिनको पार्टपूर्जा बिक्री गर्ने | १,०००।- |
| ६४) | खाना/नास्ता/चिया पसल | ५००।- |
| ६५) | क्याटरिङ्ग व्यवसाय | ४,०००।- |
| ६६) | कवाडी | ५०,०००।- |
| **६७)** | **अक्सिजन उत्पादन उद्योग** | |
| | (क) श्रेणी | ३०,०००।- |
| | (ख) श्रेणी | १५,०००।- |
| **६८)** | **फुड इन्डष्ट्रिज/खद्यान्न गोदाम तथा विविध वस्तुहरुको गोदाम** | |
| | (क) श्रेणी | ५०,०००।- |
| | (ख) श्रेणी | २०,०००।- |
| **६९)** | **पोली ट्याङ्की उद्योग** | |
| | (क) श्रेणी | ५०,०००।- |
| | (ख) श्रेणी | २०,०००।- |
| **७०)** | **प्लाष्टिक उद्योग** | |
| | (क) श्रेणी | ४०,०००।- |
| | (ख) श्रेणी | २०,०००।- |
| | (ग) श्रेणी | १०,०००।- |
| | (घ) श्रेणी | ५,०००।- |
| **७१)** | **पि.भि.सि. पाइप उद्योग** | |
| | (क) श्रेणी | ५०,०००।- |
| | (ख) श्रेणी | ३०,०००।- |
| | (ग) श्रेणी | २०,०००।- |
| | (घ) श्रेणी | १०,०००।- |
| **७२)** | **औषधि उत्पादन उद्योग** | |
| | (क) श्रेणी | ५०,०००।- |
| | (ख) श्रेणी | ३०,०००।- |
| | (ग) श्रेणी | २०,०००।- |
| | (घ) श्रेणी | १०,०००।- |
| **७३)** | **दुध उत्पादन उद्योग** | |
| | (क) श्रेणी | २५,०००।- |
| | (ख) श्रेणी | १०,०००।- |
| **७४)** | **ह्युम पाइप उद्योग** | |
| | (क) श्रेणी | ७५,०००।- |
| | (ख) श्रेणी | ५०,०००।- |
| | (ग) श्रेणी | २५,०००।- |
| | (घ) श्रेणी (रिङ्ग निर्माण) | ५,०००।- |
| **७५)** | **म्याट्रिस उद्योग** | |
| | (क) श्रेणी | ५०,०००।- |

| | |
|---|---|
| (ख) श्रेणी | २५,०००।- |
| ७६) विजुलीको तार उद्योग | |
| (क) श्रेणी | १,००,०००।- |
| (ख) श्रेणी | ७५,०००।- |
| (ग) श्रेणी | ५०,०००।- |
| (घ) श्रेणी | २५,०००।- |
| ७७) खाने तेल मिल | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| ७८) जुत्ता चप्पल कारखाना | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| ७९) ब्लक उद्योग | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| ८०) सावुन उद्योग | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| (घ) श्रेणी | १,०००।- |
| ८१) पानी उद्योग | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| ८२) पस्मीना उद्योग | |
| (क) श्रेणी | २०,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| ८३) डिष्टिलरी उद्योग | |
| (क) श्रेणी | १,००,०००।- |
| (ख) श्रेणी | ५०,०००।- |
| ८४) कार्टुन उद्योग | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | १५,०००।- |
| ८५) मेटल भाडा उद्योग | |
| (क) श्रेणी | ५०,०००।- |
| (ख) श्रेणी | ३०,०००।- |
| (ग) श्रेणी | १५,०००।- |

| | |
|---|---|
| (घ) श्रेणी | ५,०००।- |
| **८६) नेपकिन उद्योग** | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| **८७) ऊनी धागो उद्योग** | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| **८८) कपी किताव उद्योग** | |
| (क) श्रेणी | २०,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| **८९) पशुपन्छी फिड उद्योग** | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ७,०००।- |
| (ग) श्रेणी | ४,०००।- |
| **९०) फाइवर उद्योग** | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| **९१) ढाका कारखाना** | |
| (क) श्रेणी | १०,०००।- |
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| **९२) कागज उद्योग/प्रकाशन उद्योग** | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | १५,०००।- |
| (ग) श्रेणी | १०,०००।- |
| (घ) श्रेणी | ५,०००।- |
| **९३) ग्लास कारखाना उद्योग** | |
| (क) श्रेणी | १,५०,०००।- |
| (ख) श्रेणी | ५०,०००।- |
| (ग) श्रेणी | २०,०००।- |
| (घ) श्रेणी | १०,०००।- |
| **९४) सोलार उद्योग** | |
| (क) श्रेणी | ५०,०००।- |
| (ख) श्रेणी | २०,०००।- |
| **९५) टायर रिसोलिङ्ग** | |
| (क) श्रेणी | ७,०००।- |

| | |
|---|---|
| (ख) श्रेणी | ५,०००।- |
| (ग) श्रेणी | ३,०००।- |
| (घ) श्रेणी | १,०००।- |
| ९६) टनेल किलिन (Tunnel Kiln) | ३,००,०००।- |
| ९७) इलेक्ट्रोनिक सामान निर्माण/एसेम्वल | २,००,०००।- |
| ९८) खानेपानी ट्याङ्कर व्यवसाय (प्रति ट्याङ्कर बार्षिक) | २०,०००।- |
| **९९) मोटर बडी निर्माण कारखाना** | |
| (क) ठुला गाडी | ५०,०००।- |
| (ख) मझोला गाडी | ३०,०००।- |
| (ग) साना गाडी | २०,०००।- |
| १००) गैसस नयाँ दर्ता/सिफारिस दस्तुर | १,०००।- |
| **१०१) गैसस नवीकरण सिफारिस दस्तुर (कारोबार ले.प. को आधारमा)** | |
| (क) ५ लाख सम्म कारोबार भएको | १,०००।- |
| (ख) १० लाख सम्म कारोबार भएको | २,०००।- |
| (ग) २० लाख सम्म कारोबार भएको | ३,०००।- |
| (घ) ५० लाख सम्म कारोबार भएको | ५,०००।- |
| (ङ) १ करोड सम्म कारोबार भएको | १०,०००।- |
| (च) ५ करोड सम्म कारोबार भएको | २५,०००।- |
| (छ) १० करोड सम्म कारोबार भएको | ५०,०००।- |
| (ज) १० करोड भन्दा माथि कारोबार भएको | १,००,०००।- |
| (झ) आ.व. समाप्त भएको ३ महिना भित्र नविकरण भई सक्नु पर्नेछ सो पछि थप जरिवाना (असोज पछि) | **अतिरिक्त रु.५००।- जरिवाना लाग्ने** |
| **१०२) मोटर्स पाट्र्स बिक्री** | |
| (क) श्रेणी | २,०००।- |
| (ख) श्रेणी | १,५००।- |
| **१०३) गाडी तान्ने यन्त्रशाला/क्रेन** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| १०४) ईलेक्ट्रिक सामान आयात गरी जडान गर्ने (२० लाख भन्दा कम पूँजीका साना उद्योग) | १,००,००० ।- |
| **१०५) मोविल तथा व्याट्री डिलर** | |
| (क) ५० लाख भन्दा माथी पूँजी भएको | २०,०००।- |
| (ख) ३० लाख १ देखि ५० लाखसम्म पूँजी भएको | १०,०००।- |
| (ग) २० लाख १ देखि ३० लाख सम्म पूजि भएको | ५,०००।- |
| (घ) २० लाखसम्म पूँजि भएको | ३,०००।- |
| **१०६) निर्माण व्यवसायी दर्ता** | |
| (क) **घ** वर्ग निर्माण व्यवसायी दर्ता | १५,०००।- |

| | |
|---|---|
| (ख) नविकरण | आश्विन मसान्त सम्म ७,५००।-<br>चैत्र मसान्तसम्म १०,०००।-<br>त्यसपछि पनि नबुझाएमा खारेज हुनेछ । |
| (ग) इजाजतपत्र प्रतिलिपि दस्तुर | ५००।- |
| (घ) **घ** वर्ग निर्माण व्यवसायी इजाजत पत्र ठाउँसारी | १,५००।- |
| (ङ) **घ** वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रा.लि. दर्ता शुल्क | १,५०००।- |
| (च) **घ** वर्ग निर्माण व्यवसायी इजाजत पत्र नामसारी | १,५००।- |
| १०७) **गैसस** सूचीकृत | १,०००।- |
| १०८) **गैसस** लाई कार्यक्रम संचालन गर्न अनुमती दस्तुर | १,०००।- |
| १०९) **बालगृह** दर्ता शुल्क | ५००।- |
| **११०) कस्मेटिक सामाग्रीहरुको विक्रि गर्ने व्यवसाय** | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | ३,०००।- |
| (ग) श्रेणी | २,०००।- |
| १११) सुधारगृह दर्ता शुल्क | १,५००।- |
| ११२) डोजर संचालन अनुमती दस्तुर | **निःशुल्क** |
| ११३) चस्मा पसल | ५००।- |
| ११४) छाला हड्डी व्यवसाय | १,०००।- |
| ११५) अनलाईन र सफ्टवेयर कन्सल्टेन्सी | ५००।- |
| ११६) जग्गा बैनापट्टा र लेनदेनको लिखत प्रमाणिकरण | १,०००।- |
| ११७) कागज कप प्लेट पसल | ५००।- |
| **११८) धारा, पाइप, टायल पसल** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| **११९) गैसस बाहेकका अन्य संघसंस्था दर्ता** | |
| (क) श्रेणी | ५,०००।- |
| (ख) श्रेणी | ३,०००।- |
| (ग) श्रेणी | २,०००।- |
| १२०) प्लाष्टिक टयाङ्की पसल | १,०००।- |
| **१२१) फनपार्क** | |
| (क) श्रेणी १५ रोपनी भन्दा माथि | २०,०००।- |
| (ख) श्रेणी ०६ देखि १४ रोपनीसम्म | १०,०००।- |
| (ग) श्रेणी ०५ रोपनीसम्म | ५,०००।- |
| १२२) हेल्मेट विक्रि वितरण | १,०००।- |
| **१२३) केमिकल्सजन्य उद्योग** | |
| (क) श्रेणी | १५,०००।- |

| | |
|---|---|
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| १२४) कफी उत्पादन तथा वितरण | ५००।- |
| १२५) पूजा सामाग्री पसल | ५००।- |
| १२६) फूलमाला सजावट पसल | १,०००।- |
| **१२७) निर्माण सामाग्री इटा बालुवा रोडा विक्रि डिपो** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| १२८) ईनारका रिङ्ग बनाउने व्यवसाय | ५००।- |
| १२९) रेडिमिक्स प्लान्ट | ५०,०००।- |
| १३०) इन्टरनेट सेवा प्रदायक उद्योग/कार्यालय | १०,०००।- |
| १३१) पिकनिक स्पोट प्रति स्पोट दर्ता | ५००।- |
| १३२) अमिन सेवा शुल्क लालपूर्जा अनुसार प्रति आना | २५०।- |
| १३३) मनिट्रान्सफर/रेमिटेन्स सेवा | १,०००।- |
| १३४) मोही लागत कट्टा सिफारिशको हकमा एकाघर वा तिनपुस्ते भित्र प्रचलित सामान्य निवेदन एवं सिफारिस दस्तुर | १००।- |
| १३५) मोही लागत कट्टा सिफारिस अन्यको हकमा | १००।- |
| १३६) लेखा परीक्षण निवेदन दस्तुर | ५००।- |
| १३७) फिराद/उजुरी दर्ता | १००।- |
| १३८) मुद्दा दर्ता प्रतिवादी | ५०।- |
| १३९) मिलापत्र | ५०।- |
| १४०) प्रतिलिपि दस्तुर A4 साइजको प्रतिपृष्ठ | ५।- |
| १४१) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर प्रति प्रमाणपत्र | १००।- |
| १४२) मोटर कार विक्रि शोरुम (मिनिबस ट्रक लरी तथा टिप्पर समेत) | २,००,०००।- |
| १४३) मोटर साइकल विक्रि शोरुम | ५०,०००।- |
| १४४) साइकल विक्रेता | १,०००।- |
| १४५) रिकन्डिसन मोटरसाइकल खरिद विक्रि कक्ष | १०,०००।- |
| १४६) रेष्टुरेण्ट बार एण्ड दोहोरी | २,०००।- |
| १४७) बेतबाँस फर्निचर उद्योग | १,०००।- |
| १४८) होमस्टे (पर्यटन भ्रमण वर्ष २०२० को उपलक्ष्यमा) | **निशुल्क** |
| **१४९) ट्राभल र ट्रेकिङ्ग एजेन्सी** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| १५०) सर्टिङ्ग सुटिङ्ग टेलरिङ्ग पसल | १,०००।- |
| १५१) कोल्ड स्टोर (चिस्यान केन्द्र) | १०,०००।- |

| | |
|---|---|
| **१५२) व्यक्तिगत घटना दर्ता** | |
| (क) दर्ता किताव निरीक्षण | १०।- |
| (ख) विवरण सच्याउने दस्तुर | १०।- |
| १५३) ज्योतिष सम्बन्धी कार्य | १,०००।- |
| १५४) अनलाईन मिडिया | १,०००।- |
| १५५) सिरक डसना पसल | १,०००।- |
| १५६) व्याङ्क्वेट हल | ५,०००।- |
| **१५७) ठूला कन्स्ट्रक्सन कम्पनी (सामाग्री व्यवस्थापन तथा दर्ता) Joint Venture Company समेत** | |
| (क) श्रेणी | २५,०००।- |
| (ख) श्रेणी | १५,०००।- |
| (ग) श्रेणी | १०,०००।- |
| १५८) क्रिस्टल सम्बन्धी पसल/उद्योग | १,०००।- |
| १५९) भेटेनरी पसल | १,५००।- |
| **१६०) फर्निचर उद्योग** | |
| (क) श्रेणी | १५,०००।- |
| (ख) श्रेणी | १०,०००।- |
| (ग) श्रेणी | ५,०००।- |
| १६१) जिमखाना/व्यायामशाला | ५,०००।- |
| १६२) जुम्बा डान्स | १,०००।- |

**नोटः माथि उल्लेख भएको पूँजीको श्रेणीगत विवरणको आधार**

(क) श्रेणी २० लाख भन्दा माथि

(ख) श्रेणी १० लाख भन्दा माथि देखि २० लाखसम्म

(ग) श्रेणी ५ लाख भन्दा माथि देखि १० लाखसम्म

(घ) श्रेणी ३ लाख भन्दा माथि देखि ५ लाखसम्म

(ङ) श्रेणी ३ लाखसम्म

***(क) माथि उल्लिखित भए वमोजिम व्यवसाय/उद्योग करको वर्गीकरणमा नपरेका व्यवसायहरुलाई स्तर हेरी न्यूनतम बार्षिक ५००।- देखि ५,०००।- सम्म व्यवसाय कर लिने ।***

**अनुसूची ५**

**(दफा ६ संग सम्वन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **६.१** | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | |
| (क) | छाला ठूलो प्रति गोटा | ३०।- |
| (ख) | छाला सानो प्रति गोटा | १५।- |
| (ग) | हाड प्रति किलो | १।- |

| | | |
|---|---|---|
| (घ) | सिंग, खुर प्रति किलो | २।- |
| (ङ) | प्वाँख प्रति किलो | १।- |
| ६.२ | **कवाडी** | |
| (क) | खाली सिसी (वियर) वोतल | १।- |
| (ख) | खाली सिसी (मदिरा र अन्य) ५०० एम एलभन्दा माथि | ०.५० पैसा |
| (ग) | खाली सिसी (मदिरा र अन्य) ५०० एम एलभन्दा तल | ०.२५ पैसा |
| (घ) | प्लाष्टिक बोतल प्रति के.जी. (भाँडाकुडा, पुराना जुत्ता, चप्पल, ग्यालेन, जर्किन) | १।- |
| (ङ) | खाली वोरा<br>१. ५० के.जी. सम्म प्रतिगोटा (खाद्यान्न अट्ने प्लासिटकका बोरा<br>२. ५० के.जी. सम्म प्रतिगोटा (खाद्यान्न अट्ने जुटका बोरा)<br>३. १०० के.जी. सम्म प्रति गोटा (खाद्यान्न अट्ने जुटका बोरा) | <br>०.२५ पैसा<br>०.२५ पैसा<br>०.५० पैसा |
| (च) | तेलको टिन<br>१. १० लिटर भन्दा बढी अट्ने बढी प्रति गोटा<br>२. १० लिटर भन्दा कम अट्ने प्रति गोटा | <br>२।-<br>१।- |
| (छ) | भिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा) प्रति के.जी. | २।- |
| (ज) | गार्मेन्टको कपडाको टुक्रा प्रति के.जी. | १।- |
| (झ) | जलेको मोविल प्रति लिटर | ०.५० पैसा |
| (ञ) | जुट र प्लास्टिकका बोरा प्रति के.जी. | ०.१५ पैसा |
| (ट) | कार्पेटका टुक्रा प्रति के.जी. | १।- |
| (ठ) | टायर ट्युव प्रति के.जी. | १।- |
| (ड) | थोत्रो टिन प्रति के.जी | ०.५० पैसा |
| (ढ) | पुरानो ड्रम प्रति के.जी | ०.५० पैसा |
| (ण) | पुरानो कागज प्रति के.जी. | १।- |
| (त) | **धातुका टुक्राहरु पत्रु भई**<br>१. फलाम प्रति के.जी.<br>२. अन्य धातु (पित्तल, तामा आदी) प्रति के.जी.<br>३. थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | <br>२।-<br>२।-<br>२।- |
| (थ) | पोलथिन पाइपका टुक्राहरु प्रति के.जी. | १।- |
| (द) | सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ३।- |
| (ध) | कांचको धुलो र टुक्रा प्रति के.जी. | ०.५० पैसा |

**अनुसूची ६**

**(दफा ७ संग सम्बन्धित)**

**विज्ञापन कर**

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ७.१ | **विज्ञापन कर** | |
